
जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




वर्ष १३ • अंक २१० • २०८३ जेठ ७ गते बिहिवार • 21 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# बाल संस्कार पंचमहायज्ञको शुरुवात गर्ने निजि विद्यालयहरुमा ज्ञान गंगा पहिलो विद्यालयः विनय भाई

**सोनी साह**
**जनकपुरधाम, ६ जेठ**

बाल संस्कार पंचमहायज्ञको शुरुवात गर्ने निजि विद्यालयहरुमा जनकपुरधामको मुरली चौक नजिकै अवस्थित ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुल पहिलो विद्यालय रहेको बैदिक पुरोहित श्री विनय भाईले बताउनु भएको छ ।

जेठ ९ गते शनिवार विद्यालय प्रांगनमा विहान ७:३० बजेदेखि शुरु हुने यो बाल संस्कार पंचमहायज्ञ करिब २ घण्टा चल्ने बैदिक पुरोहित श्री विनय भाईले बताउनु भएको छ । वहाँले पंचमहायज्ञ अन्तर्गत ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ र मनुष्ययज्ञको आयोजना गरिने बताउनु भयो ।

यी पाँच वटै यज्ञको आ–आफ्नै विशेषताहरु रहेकाले यसलाई शिक्षालयमा आयोजना गराउनाले शैक्षिक लाभको साथै विद्यार्थीहरुमा ज्ञान तथा संस्कारमा बढोत्तरी हुने प्रबल सम्भावना रहेको बैदिक पुरोहित श्री विनय भाईले जानकारी गराउनु भयो । जनकपुरधाममा यो पंचमहायज्ञ सार्वजनिक रुपमा पहिलो पटक ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलको आयोजनामा हुन गईरहेकोले यस विद्यालयसँग आबद्ध सम्पूर्ण अभिभावक, विद्यार्थी, गुरुवर्ग, कर्मचारी, स्थानिय पालिकाका अधिकारी,वडा अधिकारी, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी तथा ईष्टमित्रहरुलाई समेत यसमा सहभागि हुनको लागि विद्यालयको संस्थापक प्रधानाध्यापक प्रा.पवन कुमार साहले हार्दिक आग्रह गर्नु भएको छ ।

यस विद्यालयले नवौं वर्षको यात्राको क्रममा अहिलेसम्म विभिन्न सामाजिक कार्यक्रमहरु आयोजना गर्दै आएको लामै ईतिहास रहेको सर्वविदितै हुँदाहुदै नव वर्ष २०८३ को राजर्षि जनक तथा माता सिताको पावन भूमिमा स्थापित यस शिक्षालयमा नव तथा अध्यात्मिक बाल संस्कार पंचमहायज्ञको प्रस्तुतिले सम्पूर्ण शिक्षाप्रेमी तथा मानवजातिको कल्याण हुने विशेष उद्देश्यका साथ यस अनुष्ठानलाई बैदिक पुरोहित श्री विनय भाईको निर्देशनमा संचालन हुन गईरहेको शुभ जानकारी प्र.अ.साहले गराउनुभयो ।




# आदर्शको चरित्र हत्या प्रयास विफल, अदालतले गर्‍यो न्याय



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ६ जेठ**

नेपाली कम्युनिस्ट पार्टी निकटका युवा नेता आदर्श मण्डलले देशकै प्रतिष्ठित व्यावसायिक घराना सीजी ग्रुप अन्तर्गतको चौधरी ग्रुपले आफूविरुद्ध दायर गरेको मुद्दामा अदालतबाट जीत हासिल गरेका छन्। लामो समयदेखि चलिरहेको कानुनी प्रक्रियापछि अदालतले मण्डलको पक्षमा फैसला सुनाएको जनाइएको छ ।

जिल्ला अदालतमा दर्ता भएको उक्त मुद्दा “गाली बेइज्जती गरेको (दफा ३०६)” सम्बन्धी रहेको थियो। मुद्दामा चौधरी ग्रुप प्रा.लि. तथा चौधरी ग्रुप अन्तर्गत सिजी फुड्स नेपाल लिमिटेड समेत वादी रहेका थिए भने प्रतिवादीका रूपमा युवा नेता आदर्श मण्डल रहेका थिए ।

अदालतले अन्तिम आदेशमा “दावी नपुगेको” भन्दै मुद्दा फैसला गरेको अदालत स्रोतले जनाएको छ। अदालतको फैसलापछि प्रतिक्रिया दिँदै मण्डलले सत्य र न्याय अन्ततः विजयी हुने बताएका छन् । उनले भने, “सत्यको जीत अलि ढिलो हुन्छ, तर जीत अवश्य हुन्छ। न्यायप्रति विश्वास राख्नेहरू कहिल्यै हार्दैनन् ।” मण्डलले मुद्दाको सफल प्रतिरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने आफ्नो कानुनी टोलीप्रति विशेष आभार व्यक्त गरेका छन् ।

अधिवक्ता राम बिलास यादव, रकी प्रसाद साह तथा अञ्जली सिंहले कानुनी बहस तथा प्रतिरक्षामा प्रभावकारी भूमिका

बांकी पृष्ठ २ मा ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence






**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहर नगरौं,
- विद्युत, पानी तथा अन्य श्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

**सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




## साझेदारीको मोडल अपनाउनुपर्छ

*नेपालले पनि अब सार्वजनिक-निजी साझेदारी मोडल अपनाउनुपर्ने देखिन्छ। सबै काम सरकारले मात्र गर्छु भन्नु 'धृतराष्ट्र अँगालो' मात्र रहेको देखिन्छ। सफल बन्न कार्यान्वयन सम्भव हुने योजना मात्र छानौं। समस्याग्रस्त आयोजनाका लागि छुट्टै र विशेष रणनीति अपनाऔं। त्यसपछि प्रक्रियागत झमेला र बजेट अभाव भोग्नुपर्ने छैन। पूर्वतयारी सकिएपछि मात्र ठेक्का लगाउने कानुनी बाध्यता सिर्जना गरौं। आयोजना प्रमुखहरूको कार्यअवधि स्थिरता सुनिश्चित गरौं। जोखिम पहिचान र व्यवस्थापन प्रणालीलाई अनिवार्य लागू गरौं। प्रभावित क्षेत्रका बासिन्दाहरूसँग पूर्वसहमति कायम गरेर अघि बढौं। श्रमिक तथा जनशक्तिलाई प्राविधिक तालिम दिएर सक्षम बनाऔं। निष्कर्षमा भन्नुपर्दा, कार्यान्वयन हुन सक्ने योजना नै सुन्दर र सही योजना हुन्। यस पटक युवा जोश र आशासहितको नयाँ सरकार बनेका छन।*

*नयाँ सरकारले यो धरातलीय यथार्थलाई बुझ्ने अपेक्षा नागरिकको छन। कामको छिनोफानो समयमै गरेर गति बढाउनु आजको आवश्यकता रहेको देखिन्छ। राष्ट्रिय ढुकुटीप्रति सबैले जिम्मेवारले सधैं नैतिक रूपमा उत्तरदायी बन्नैपर्छ। समय सीमाको पालना गर्न कठोर कदम चाल्न ढिलो भइसक्यो। होइन भने यी आयोजना गौरवका प्रतीक कहिल्यै बन्ने छैन। यिनीहरू सधैं राष्ट्रिय लज्जा र आर्थिक बोझ मात्र बनिरहने देखिन्छ।*

# रामगोपालपुरमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी पालिकास्तरीय कार्यशाला सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ जेठ**

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकामा 'पालिकास्तरीय कार्यक्रम शुभारम्भ कार्यशाला' तथा 'पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक' सम्पन्न भएको छ।

नगर प्रमुख रामदुलार साहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा केयर नेपाल (Care Nepal +iDE) को आर्थिक सहयोग तथा दलित समाज उत्थान समिति नेपाल, महोत्तरीको सहजीकरणमा सञ्चालित पोषण परियोजनालाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। बैठकको निर्णयअनुसार पोषण परियोजनाका गतिविधिहरूलाई पालिकाका दलित, विपन्न, मुस्लिम तथा पीछडिएका समुदायमा केन्द्रित गरिने भएको छ। साथै, पोषण सुधारका कार्यक्रमहरू सञ्चालन



गर्न नगरपालिकाको वडा नं. ४ र ७ लाई छनोट गरिएको छ। उक्त वडाहरूमा रहेका 'स्वास्थ्य आमा समूह' सँगको समन्वय र सहकार्यलाई उच्च प्राथमिकता दिने निर्णय सर्वसम्मत रूपमा पारित गरिएको छ। कार्यशालामा बालबालिकाको बौद्धिक विकासमा प्रारम्भिक ५ वर्षको उमेर निकै संवेदनशील रहने जानकारी दिइयो।

तथ्याङ्क अनुसार बच्चा गर्भमा रहँदा ३० प्रतिशत, जन्मिएको पहिलो वर्षमा थप २५ प्रतिशत र दुई वर्षभित्र ५० प्रतिशत बौद्धिक विकास भइसक्छ। ५ वर्षको उमेरसम्ममा ९० प्रतिशत बौद्धिक विकास भइसक्ने भएकाले यस उमेर समूहलाई विशेष जोड दिइएको हो।

महिला, बालबालिका र किशोरीहरूको पोषण अवस्थामा सुधार ल्याउनु, बहुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु तथा स्थानीय तहको नीति, योजना र सेवा प्रवाहमा सुधार गरी पोषणमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। सो अवसरमा नगर प्रमुख साहले पोषण र खाद्य सुरक्षा स्थानीय सरकारको उच्च प्राथमिकतामा रहेको बताउँदै परियोजनाको सफलताका लागि नगरपालिकाको तर्फबाट आवश्यक पर्ने सम्पूर्ण प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। पोषण परियोजनाका कार्यक्रम संयोजक योगी माया सिंहले पोषणसम्बन्धी परियोजनाका उद्देश्य र आगामी कार्ययोजनाबारे विस्तृत जानकारी गराउनुभएको छ। कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. लोकनाथ भुसाल, उद्योग वाणिज्य संघका अध्यक्ष, विभिन्न वडाका वडाध्यक्षहरू, स्वास्थ्य, कृषि तथा शिक्षा शाखाका अधिकृतहरू, महिला बालबालिकाका प्रतिनिधि, पशुपक्षी शाखाका प्रतिनिधि, विभिन्न सरोकारवाला निकायका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# हँसपुर नगरपालिकामा पहिलो पटक 'स्वर्ण बिन्दु प्राशन' कार्यक्रम सञ्चालन हुने

**मोनु गुप्ता**
**धनुषा, ६ जेठ**

हँसपुर नगरपालिका आयुर्वेद शाखाको आयोजनामा बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार गर्ने उद्देश्यले "स्वर्ण बिन्दु प्राशन कार्यक्रम" सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुलाई स्वर्ण बिन्दु निर्माण गर्ने तरिका, यसको उपयोगिता तथा बाल स्वास्थ्यमा पर्ने प्रभावबारे आयुर्वेद बालरोग विशेषज्ञ डा. राकेश कुमार सिंहले प्रशिक्षण दिएका थिए।

कार्यक्रम अन्तर्गत आगामी जेठ ७ गतेदेखि बिहान ८ बजेदेखि सोनिगामा आयुर्वेद औषधालयमा १ देखि ५ वर्षसम्मका बालबालिकालाई स्वर्ण बिन्दु प्राशन गराइने आयुर्वेद शाखा प्रमुख वरिष्ठ कविराज निरीक्षक राम छविला यादवले जानकारी दिए। बहुक्षेत्रीय पोषण कार्यक्रम



(MSNP) अन्तर्गत सञ्चालन हुने उक्त कार्यक्रमबारे जनस्वास्थ्य अधिकृत शिखा झा ले नगरपालिकाको पोषण अवस्थाबारे जानकारी दिँदै बाल पोषण सुधारमा यस कार्यक्रमले महत्वपूर्ण योगदान पुर्याउँने बताइन्।

आयुर्वेद शाखाका अनुसार स्वर्ण बिन्दु सिंहदरबार वैद्यखानाबाट निर्मित स्वर्ण भस्म, ब्राह्मी घृत तथा महको मिश्रणबाट आयुर्वेद विशेषज्ञको रोहवरमा तयार गरिन्छ। आयुर्वेद चिकित्सा पद्धतिअनुसार यसलाई विशेषगरी पुष्य नक्षत्रका दिन सेवन गराउँदा बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि भई निरोगी बन्न सहयोग पुग्ने विश्वास रहेको बालरोग विशेषज्ञले बताए।

नगरपालिकाले दिएको जानकारी अनुसार स्थानीय तहस्तरमा नेपालमै पहिलो पटक हँसपुर नगरपालिकाले यो कार्यक्रम सञ्चालन गर्न लागेको हो। यसअघि प्रदेशस्तरीय आयुर्वेद चिकित्सालयहरूले मात्र यस्तो कार्यक्रम सञ्चालन गर्दै आएका थिए।

कार्यक्रममा स्वर्ण बिन्दु सेवनबाट रोग प्रतिरोधात्मक क्षमता वृद्धि, स्मरण शक्ति तथा बुद्धि विकास, पाचन सुधार तथा बारम्बार हुने रोगबाट बच्ने फाइदाबारे जानकारी गराइएको थियो। साथै ज्वरो, अतिसार वा आपतकालीन अवस्थाका बालबालिकालाई स्वर्ण प्राशन नखुवाउन तथा सेवनपछि ३० मिनेटसम्म केही नखुवाउन आग्रह गरेका छन्।

## *आदर्शको चरित्र हत्या प्रयास..................*

खेलेको बताइएको छ। फैसलापछि मण्डलका समर्थक तथा शुभेच्छुकहरूले सामाजिक सञ्जालमार्फत बधाई तथा शुभकामना व्यक्त गरिरहेका छन्।

समर्थकहरूले यस घटनालाई सत्य, न्याय र संघर्षको जीतका रूपमा व्याख्या गरेका छन्। राजनीतिक तथा सामाजिक वृत्तमा समेत उक्त फैसला अहिले चर्चा र चासोको विषय बनेको छ।

### तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: आम्दानी हुने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात



### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर



### पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# थाइल्याण्डले गऱ्यो ९३ देशको ६० दिने भिसा सुविधा खारेज

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ जेठ

थाइल्याण्ड सरकारले आफ्नो देशको भिसा नीतिमा व्यापक परिमार्जन गरेको छ । मङ्गलबार बसेको थाइ मन्त्रिपरिषद् बैठकले ९३ देश तथा क्षेत्रका पर्यटकहरूका लागि उपलब्ध गराइँदै आएको ६० दिने भिसा-मुक्त (भिसा-एग्जेम्पसन) प्रवेश सुविधा पूर्ण रूपमा खारेज गर्ने निर्णय गरेको हो ।



थाइ परराष्ट्र मन्त्रालयका अनुसार राष्ट्रिय सुरक्षा, पर्यटन अर्थतन्त्रको सन्तुलन र कूटनीतिक पारस्परिकता (रेसिप्रोसिटी) लाई मध्यनजर गर्दै प्रवेश प्रक्रियालाई थप व्यवस्थित र सुदृढ बनाउन यो नयाँ व्यवस्था लागू गरिएको हो। यो नीति थाइल्याण्डको आधिकारिक सरकारी राजपत्र 'रोयल गजेट' मा प्रकाशित भएको १५ दिनपछि औपचारिक रूपमा कार्यान्वयनमा आउनेछ । कन्सुलर मामिला विभागका महानिर्देशक मुडकोर्न प्रतुमकाउले पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार भिसा सुविधामा हुने दोहोरोपन र अन्योल हटाउन अबदेखि प्रत्येक देश वा क्षेत्रका लागि केवल एउटा मात्र भिसा छुट योजना लागू गरिनेछ । उनले यसअघि ९३ वटा देशहरूले पाउँदै आएको ६० दिने भिसा छुट योजना अब इतिहास बनेको स्पष्ट पारे । यसै गरी थाइल्याण्ड सरकारले ३० दिने भिसा छुट पाउने देशहरूको सङ्ख्या पनि ५७ बाट घटाएर ५४ कायम गरेको छ। यो ३० दिने सुविधा अबदेखि केवल विशुद्ध पर्यटन (टुरिजम) प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइने अनिवार्य व्यवस्था गरिएको छ ।

# मन जितिरहेको 'भ्याम पारम', अमेरिकाका विभिन्न सहरमा 'मालती मंगले'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ जेठ

गायक रामकृष्ण ढकालले निर्माण गरेको फिल्म 'मालती मंगले' अहिले दोस्रो सातामा प्रदर्शन भइरहेको छ । प्रकु पाण्डेय निर्देशित फिल्मले सन्तोषजनक कमाइ गरिरहेको छ । फिल्मका सबैजसो गीतले भने दर्शक-श्रोताको मन अझ बढी जितिरहेका छन् ।



रामकृष्ण ढकाल र मेलिना राईले गाएको 'भ्याम पारम' गीत अहिले सबैको मुख-मुखमा झुन्डिएको देखिन्छ । गीतलाई बुधवार बेलुकासम्म १७ लाख ७५ हजार भन्दा बढी पटक हेरिसकिएको छ। राजेन्द्र थापाको शब्द र राजनराज सिवाकोटीको संगीत रहेको यो गीतमा चार लाख भन्दा बढी त टिकटक भिडियो नै बनेको गायक तथा निर्माता ढकालले बताए । ''मालती मंगले'का गीतले दर्शक-श्रोताको निकै मन जिते, खुसी लागेको छ । 'भ्याम पारम'लाई अझ बढी रुचाउनुभएको पाइयो ।

फिल्मबाट पनि लगानी सुरक्षित हुने बाटोमा हामी छौं,'' रातोपाटीसँग उनले भने । फिल्मको शीर्ष गीत 'सुनैको सपनी', 'ढुंगामाथि लेउ', 'चुड्का भजन' र 'झुटो आरोप' गीत पनि रुचाइएका छन् । विजय बराल, वर्षा राउत र मेक्सम गौडेलको मुख्य भूमिका रहेको फिल्म वैशाख २५ गतेदेखि देशव्यापी प्रदर्शनमा आएको हो। नेपाल रिलिजको दोस्रो सातादेखि फिल्म अमेरिकाका विभिन्न सहरमा समेत प्रदर्शन भइरहेको छ। हाल डालस, सान फ्रान्सिस्को, कोलम्बस, डेनभर लगायत सहरमा प्रदर्शन भइरहेको ढकालले जानकारी दिए ।

चाँडै युरोपेली मुलुक र जापानमा पनि रिलिज गर्ने तयारी भइरहेको उनले बताए ।

# महासंघको थप दबाब अभियान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ जेठ

श्रमजीवी पत्रकारको श्रमको पक्षमा सकारात्मक पहल नलिएको सरकारले खर्च कटौतीको बहानामा सबै तहको सरकारी सूचना (विज्ञापन) राज्य नियन्त्रित सञ्चारमाध्यमलाईमात्र दिने विभेदकारी निर्णयविरूद्ध नेपाल पत्रकार महासंघले दबाबमूलक अभियान सञ्चालन गर्दै आएको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी रवैया सच्याउन, सूचनाको पहुँचमा नियन्त्रण नगर्न, श्रमजीवी पत्रकारको पक्षमा पहलकदमी लिन र सरकारी सूचना वितरणमा विभेद हटाउन पटकपटक ध्यानाकर्षण गराउँदा समेत सरकारले बेवास्ता गरेपछि करिब डेढ महिनादेखि आन्दोलित महासंघले थप दबाब अभियान सञ्चालन गर्दैछ । थप दबाब अभियान कार्यक्रम : २०८३ जेठ ७ गतदेखि (एक साता) : महासंघका तीन तहकै संरचनाले हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

जेठ ११ गते सोमबार : केन्द्रीय समितिले संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष


नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

र संसद्को विषयगत समितिका सभापतिलाई ज्ञापनपत्र बुझाउने । प्रदेश र शाखाले ईमेल वा हुलाकमार्फत ज्ञापनपत्र पठाउने ।

जेठ १४ गते बिहीबार : देशका सबै पत्रपत्रिका, टेलिभिजन, रेडियो र अनलाइन सञ्चारमाध्यममा सरकारी कदमको विरोध स्वरूप सम्पादकीयको वा उपयुक्त स्थानमा कालो राख्न महासंघका सबै संरचनाले पहल गर्ने । सोही दिन सञ्चारमाध्यमले कालो राख्ने । साताव्यापी दबाब अभियानबाट पनि माग पूरा नभए आन्दोलनलाई निरन्तरता दिँदै थप सशक्त कार्यक्रम ल्याइनेछ । यसअघि महासंघले महासंघका पूर्वअध्यक्ष, राष्ट्रिय दैनिक, साप्ताहिक, अनलाइनका सम्पादक तथा राजनीतिक दलका संसदीय दलका नेतालगायतसँग छलफल गरेको थियो भने महासंघ केन्द्रीय समितिमा बैठकले थप दबाबमूलक कार्यक्रम तय गरेको थियो । जसअनुसार महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा प्रष्ट पारी प्रतिवद्धता लिएका थिए भने सबै जिल्ला शाखाले सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए । केन्द्रले पत्रकार सम्मेलन गरी आफ्नो अवधारण सार्वजनिक गर्नुका साथै सबै सञ्चारमाध्यमले सम्पादकीय ऐक्यवद्धतामार्फत सरकारको विभेदकारी निर्णयको विरोध जनाएका थिए ।

त्यस्तै पत्रकार तथा महासंघका सदस्यहरूमार्फत सामाजिक सञ्जाल प्रयोग गरी विरोधका सामग्री सार्वजनिक गरियो भने महासंघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल तथा लबिङ गरेको थियो । महासंघको आग्रहमा नगरपालिका र गाउँपालिका महासंघसँग केन्द्रीय समिति र जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै शाखाहरूले ज्ञापनपत्र बुझाएका थिए ।

# फिफा विश्वकप 'प्लेयर्स टु वाच' : लामिन यमाल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ जेठ

नवोदित खेलाडीको अग्रपङ्क्तिमा रहने खेलाडी हुन्, १८ वर्षीय स्पेनी स्ट्राइकर लामिन यमाल । आफ्नो करिअरको सुरुआती चरणमै यमालले छ वटा उपाधि जितिसकेका छन् । तीमध्ये पाँच उपाधि उनले आफ्नो बाल्यकालदेखिको क्लबबाट उपाधि जितेका उनले एकपटक स्पेनिस टोलीबाट युरोपियन च्याम्पियन बनेका छन् ।



यमालले पहिलो पटक २०२२-२३ सिजनमा ला लिगा उपाधि जिते । त्यसपछि उनले स्पेनको टोलीबाट उत्कृष्ट प्रदर्शन गर्दै जर्मनीमा आयोजित युरोपियन च्याम्पियनसिप जित्न महत्वपूर्ण योगदान दिए । जहाँ स्पेनले चौथोपटक युरोपको उपाधि उचालेको थियो । गत सिजन उनले बार्सिलोनाबाट स्पेनिस सुपर कप, कोपा डेल रे र ला लिगा गरी थप तीन उपाधि जिते । अहिलेको सिजनमा पनि उनले दोस्रो स्पेनिस सुपर कप जितिसकेका छन् ।

जनवरीमा साउदी अरेबियामा भएको फाइनलमा बार्सिलोनाले चिरप्रतिद्वन्द्वी रियल मड्रिडलाई हराउँदै उपाधि जितेको थियो । स्पेनको भावी सुपरस्टारका रूपमा हेरिएका यमाल अहिले विश्व फुटबलकै सबैभन्दा चर्चित युवा खेलाडीमध्ये एक बनेका छन् । धेरैले उनलाई भविष्यमा विश्व फुटबलको सबैभन्दा ठूलो पुरस्कार जिताउने खेलाडीका रूपमा पनि हेर्ने गरेका छन् । उनीसँग तीन राष्ट्रिय टोलीमध्ये एउटा छनोट गर्ने अवसर थियो । उनले आफ्नो जन्मदेश स्पेन, बुबाको देश मोरक्को वा आमाको जन्मदेश इक्वेटोरियल गिनीमध्ये कुनै एक टोलीबाट खेल्न सक्थे ।

अन्ततः उनले स्पेनको राष्ट्रिय टोली रोजे । सन् २००७ को डिसेम्बरमा, यमाल केवल ६ महिनाका हुँदा क्याटलान पत्रिका डायरियो स्पोट र एफसी बार्सिलोना फाउन्डेसनले संयुक्त रूपमा च्यारिटी क्यालेन्डर तयार गरेका थिए ।

# स्थानीयवासी आन्दोलनमा उत्रिए

जलेश्वरटुडे समाचारदाता
सप्तरी, ६ जेठ

वर्षौंदेखि हुलाकी सडक क्षेत्रमा उड्दै आएको अत्यधिक धुलोका कारण जनस्वास्थ्यमा गम्भीर असर परेको भन्दै सप्तरीको राजविराजमा स्थानीयवासी आन्दोलनमा उत्रिएका छन् ।




बुधबार बिहानदेखि राजविराज-१ स्थित हनुमान मन्दिरदेखि चनौरा-पडरिया खण्डसम्मको हुलाकी सडक अवरुद्ध गरिएको हो । निर्माणाधीन सडकमा धुलो नियन्त्रणका लागि नियमित पानी छर्किने व्यवस्था गर्न, सडक स्तरोन्ति गर्न तथा निर्माण कार्य प्रभावकारी बनाउन माग गर्दै स्थानीयले सडकमा चक्काजाम गरेका हुन् । आन्दोलनका कारण उक्त क्षेत्रमा सवारी आवागमन पूर्ण रूपमा प्रभावित भएको थियो । स्थानीय निरञ्जन झाका अनुसार लामो समयदेखि सडकमा उड्ने धुलोका कारण बालबालिका, वृद्धवृद्धा तथा सर्वसाधारणमा श्वासप्रश्वास सम्बन्धी समस्या, एलर्जी तथा अन्य स्वास्थ्य जटिलता बढ्दै गएको छ । पटक पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि कुनै ठोस पहल नभएपछि बाध्य भएर सडक अवरुद्ध गर्नु परेको उनले बताए । आन्दोलनकारीहरूले स्थानीय जनप्रतिनिधि र सम्बन्धित निकायप्रति असन्तुष्टि जनाएका छन् । राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख ईसरत परवीन, प्रदेश सांसद महेश यादव तथा सङ्घीय सांसद रामजी यादव लगायतले स्थानीय समस्याप्रति गम्भीर चासो नदिएको आरोप उनीहरूको छ । 'जनताको आधारभूत समस्यासमेत आन्दोलन नगरी समाधान नहुने अवस्था आएको छ,' आन्दोलनमा सहभागी स्थानीयले बताए ।

# एकताबद्ध भएर अघि बढ्न आग्रह

जलेश्वरटुडे समाचारदाता
धनुषा, ६ जेठ

नेपाली कांग्रेसका सहमहामन्त्री तथा केन्द्रीय सदस्य महेन्द्र यादवले पार्टीभित्रको आन्तरिक विभाजन अन्त्य गर्दै एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका छन् ।



मधेश प्रदेशमा बुधबार आयोजित एक कार्यक्रममा उनले विशेष महाधिवेशनमा सहभागी नभएका नेताहरूलाई समेत सभापति गगन थापाको नेतृत्व स्वीकार गर्दै पार्टी सुदृढीकरण अभियानमा जुट्न आह्वान गरेका हुन् । यादवले पार्टीभित्र विभिन्न समूह र भेलाको राजनीति गर्दै अघि बढ्ने प्रवृत्तिले संगठन कमजोर हुने उल्लेख गर्दै अब सबै नेता कार्यकर्ता साझा लक्ष्यका साथ अघि बढ्नुपर्ने बताए । उनले भने, 'अब पार्टीभित्र यो भेला र त्यो भेला भन्दै अलग अलग धारमा लागेर हुँदैन । हामी सबैले गगन थापालाई सभापतिको रूपमा स्वीकार गरेर एक ढिक्का हुनुपर्छ ।' उनले नेपाली कांग्रेसलाई बलियो बनाउन क्रियाशील सदस्यता अद्यावधिक अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए ।

# महिला उद्यमशीलताका उल्झन

-व्यवसायमा महिला दह्रोसँग उभिन र अघि बढ्न राज्यले उद्यमशीलतालाई प्राथमिकता दिएर नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्छ । उद्यमशीलतामा महिला सहभागिता बढाउन सम्पत्तिमा महिलाको पहुँच बढाउनुपर्छ । नेपालमा महिला उद्यमशीलताका क्षेत्रमा नयाँ अभ्यासको थालनी भएका छन् । कानुनी पक्षमा पनि सुधारका विभिन्न प्रयास भएका छन् । पछिल्लो राजनीतिक परिवर्तनमा महिलाको सशक्त सहभागिता देखिएसँगै आर्थिक क्षेत्रमा पनि सक्रिय उपस्थितिको आवाज उठेको छ ।

महिला उद्यमशीलता प्रोत्साहनको नीति, कार्यक्रम, कानुनी व्यवस्था, उद्यमी महिलालाई छुट र सहुलियत प्रदान गर्ने राज्यको नीतिले महिला उद्यमशीलता बढ्दो छ । उद्यमशीलता प्रवर्द्धन हेतु सरकारले लघु, घरेलु तथा साना उद्योगमा महिलालाई संलग्न गराउने, बिनाधितो सहुलियत कर्जा प्रवाह गर्ने, कोष स्थापना गर्ने जस्ता नीतिगत व्यवस्था गरेको छ । तैपनि महिला उद्यमीहरूले वित्तीय पहुँच, बजारमा प्रतिस्पर्धा, प्रविधिको उपलब्धता र नीतिगत चुनौतीहरू सामना गरिरहेकै छन् । महिला उद्यमीहरूले विभिन्न संरचनात्मक र सामाजिक चुनौतीसँग जुधिरहनुपरेको छ । पुँजी अभाव, धितो राख्न सम्पत्ति अभाव, पितृसत्तात्मक सामाजिक सोच र पारिवारिक जिम्मेवारीसँगै व्यवसायको पनि सन्तुलन मिलाउनुपर्ने झन्झट महिला उद्यमीले दिनहुँजसो भोग्नुपरेको छ । महिलाको स्वामित्वमा घरजग्गा नहुने हुँदा कर्जा लिएर लगानी गर्न विभिन्न अप्ठ्यारासँग जुध्नु परिरहेकै छ । त्यसमाथि उनीहरूलाई समाजले कमजोर दृष्टिले हेर्ने प्रवृत्ति अझै छ । घरायसी जिम्मेवारी पनि महिलाकै बढी हुने र सामाजिक पक्षहरूको पनि व्यवस्थापन गर्दै अघि बढ्नुपर्ने हुँदा उद्यममा स्थापित हुन कठिनाइ भएको अनुभव महिला उद्यमीको छ। महिला उद्यमीको मुख्य चुनौती आर्थिक स्रोत जुटाउन र उत्पादित सामानको बजारीकरणमा हुन्छ ।

सरकारी नीतिहरूको प्रभावकारी कार्यान्वयन नहुँदा बिनाधितो कर्जा प्राप्तिमा कठिनाइ छ । बजारीकरणमा समस्या छ र सीप विकासमा पहुँचको अभाव । विभिन्न उल्झन छिचोल्दै गरिएको व्यवसायले दिगो प्रतिफल दिँदैन । त्यसैले महिला उद्यमीले भोग्दै आएका समस्या र चुनौतीको सम्बोधन गर्दै नीतिगत तथा व्यावहारिक सुधारमा ध्यान दिनुपर्ने खाँचो छ । सरकारले यस्ता समस्यामाथि मध्यनजर गर्दै महिला उद्यमशीलतामा नवीन रणनीति ल्याउने तयारी गरेको छ ।

केही दिनअघि प्रतिनिधिसभाबाट पारित सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सरकारले महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन 'महिला उद्यमशीलता विकास रणनीति' तर्जुमा गरिने जनाएको छ । साथै औद्योगिक नीति-२०६७ परिमार्जन गरी नयाँ 'राष्ट्रिय औद्योगिक नीति' तर्जुमा गरिने, स्टार्टअप-लघु-साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन 'राष्ट्रिय उद्यम प्रवर्द्धन सुविधा' स्थापना गरिने पनि सरकारको नीतिमा उल्लेख छ । लघु तथा साना उद्योगमा महिला सहभागिता बढ्दो छ । तर, बजारीकरणको कमी, प्राविधिक ज्ञानको अभाव र कमजोर सञ्जालका कारण उनीहरूको उद्यमशीलता विकासमा बाधा पुगेको छ ।

सरकार आर्थिक वर्ष २०८३/८४ को बजेट बनाउने तयारीमा रहेका बेला महिला उद्यमी र व्यवसायीले आगामी बजेटमार्फत सहुलियतपूर्ण कर्जा पहुँच सहज बनाउनुपर्ने अनि झन्झटिला कानुनी, प्रशासनिक प्रक्रिया हटाउनुपर्ने माग उठाएका छन् । महिला उद्यमीहरूले कर-भन्सार नीतिमा सुधार र महिलामैत्री आर्थिक वातावरण निर्माण गर्न सरकारसँग माग गरेका छन् । वित्तीय संस्थाहरूले महिला उद्यमीलाई ऋण सुविधा नदिने प्रवृत्ति बाधक बनेको छ- महिला उद्यमशीलतामा । बैंक तथा वित्तीय संस्थाले महिलालाई ऋण उपलब्ध गराउन उदासीनता देखाएकाले वित्तीय पहुँचमा महिलाको हिस्सा निकै कम छ ।




एक तथ्यांक अनुसार, सन् २०२४/२५ मा ७२ हजार महिला उद्यमीले सहुलियत दरको ऋण प्राप्त गर्न सफल भएका थिए । महिला उद्यमीमध्ये १३.४ प्रतिशतले मात्रै बैंकको ऋण परिचालन गर्न सक्षम भएको तथ्यांक छ । जनगणनाको तथ्यांकअनुसार, ३२.४ प्रतिशत महिला घरधन्दा र ९.८ प्रतिशत पारिवारिक हेरचाहका कारण निष्क्रिय बस्न बाध्य छन् र ती आर्थिक काममा संलग्न हुन पाएका छैनन् । श्रम शक्तिमा महिलाको सहभागिता दर २६.३ प्रतिशत भएको सोह्रौं योजनाको तथ्यांक छ । महिला श्रमशक्तिको ९०.५ प्रतिशत हिस्सा अनौपचारिक क्षेत्रमा रहेको पछिल्लो आर्थिक सर्वेक्षणले देखाउँछ। सुरक्षित श्रम र पर्याप्त स्रोत साधनको पहुँच नहुँदा उनीहरूको श्रम मूल्यहीन बनेको छ । सामाजिक संरचना तथा अतिरिक्त घरायसी दायित्वका कारण उद्यममा समय दिनसमेत कठिनाइ छ ।

यसैगरी साना उद्यमीले थोरै मात्रामा कच्चा पदार्थ नपाउने र पाए पनि चर्को मूल्य तिर्नुपर्ने भएकाले उत्पादन लागत बढेर तिनको उत्पादनले सीमित बजार पनि गुमाउनुपर्ने अवस्था छ । महिला उद्यमीहरू वित्तीय पहुँचको अभाव, सामाजिक सोच, पारिवारिक जिम्मेवारी र नीतिगत जटिलतासँग जुध्नुपरेको उद्योग मन्त्रालयको एक अध्ययनले बताउँछ। प्रणालीगत कमजोरीका कारण महिलाले नीतिगत उल्झन खेप्नुपरेको हो। सहज कर प्रणाली, उद्योगमैत्री मौद्रिक नीति, बजार पहुँच, डिजिटल-वित्तीय साक्षरता र नीतिगत सहजीकरणलाई प्राथमिकतामा राखेर नीति नबनाउँदा पनि चुनौती थपिएका हुन् । यस्ता चुनौती थप बढ्न नदिन महिला उद्यमीलाई अनुदानसँगै स्थिर नीति, सहज प्रशासन र व्यवसायप्रति सकारात्मक दृष्टिकोण आवश्यक रहेको भनाइ छ- महिला उद्यमीको । आगामी बजेटमा सरकारले नयाँ व्यवसायीलाई मात्रै प्रोत्साहन गर्ने गरी तथा विस्थापित पुराना महिला उद्यमीलाई पनि समेट्ने गरी योजना ल्याउनु जरुरी छ ।

संविधान, औद्योगिक नीति र सहुलियत कर्जा कार्यक्रमले महिलालाई आर्थिक रूपमा सशक्त बनाउने लक्ष्य राखेका छन् । औद्योगिक नीति-२०६७ ले घरेलु तथा साना उद्योगमा महिलाको सहभागिता बढाउने लक्ष्यसहित उद्योग दर्ता, कर छुट र सहुलियत ऋणमा महिला, दलित अनि पिछडिएका समुदायलाई प्राथमिकतामा राखेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा महिलाका नाममा उद्योग वा कम्पनी दर्ता तथा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था छ । युवा उद्यमीलाई तीन प्रतिशत ब्याजदरमा सहुलियतमूलक ऋण उपलब्ध गराइने जनाइएको छ । गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकास कार्यक्रम सञ्चालन गरी महिला उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम प्राथमिकतामा राखिएको छ । अघिल्लो बजेटमा सरकारले देशैभर १३० वटा औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्य अघि सार्दै महिलाका नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा पनि छुटको व्यवस्था गरेको थियो । सोह्रौं योजनामा उद्योग विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास सोच राखिएको छ । यस्ता नीतिले महिला उद्यमशीलता प्रवर्द्धनमा सघाउ पुगेको छ । आर्थिक सशक्तीकरण, गरिबी न्यूनीकरण र समावेशी विकासको आधार नै महिला उद्यमशीलता हो । महिला उद्यमशीलतालाई लक्षित गरी सरकारले ल्याएका आकर्षक नीति, कार्यक्रम र सहुलियतपूर्ण व्यवस्थाका कारण महिला उद्यमीले उद्यमशीलतामा टेक्ने हाँगो त पाए तर समाउने डाली भेटेका छैनन् । आफ्नो व्यवसायमा दह्रोसँग उभिन र अघि बढ्न राज्यले महिला उद्यमशीलतालाई प्राथमिकता दिएर नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्छ । साथै भएका नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । र, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणमा जोड दिनुपर्छ । यातायात, सञ्चार, विद्युत्, ऊर्जा सुविधा, बजार विस्तार आदि आर्थिक पूर्वाधार र विकासका लागि प्रतिकूल रहेका सामाजिक बाधा-व्यवधान हटाएर मात्रै उद्यमशीलता विकासको खाका तय गर्नुपर्छ । उद्यमशीलतामा महिला सहभागिता बढाउन सम्पत्तिमा महिलाको पहुँच बढाउनुपर्छ ।

उद्यमशीलता प्रवर्द्धन गर्न चुनौतीका बीच पनि महिलाहरू आत्मनिर्भर हुँदै अगाडि बढिरहेका छन् । राज्यको नीति बनाउने कोठामा महिलाको अर्थपूर्ण उपस्थिति भए तिनले आर्थिक-सामाजिक रूपान्तरण, लैंगिक समानता, विकास, उद्यमशीलताको भावना समेट्न सक्छन् । त्यसैगरी सरकारीस्तरबाट वितरण गरिने स्रोतको बाँडफाँटमा पनि महिलालाई आवश्यकताअनुसार विशेष अधिकार दिने नीति कडाइका साथ लागू गर्नुपर्छ । राज्यले महिलाद्वारा उत्पादित वस्तु निर्यातमा सहजीकरणको व्यवस्था गरिदिए महिला उद्यमशीलता बढ्न सक्छ । आफ्नो व्यवसायमा टिकिरहन महिला उद्यमीले पनि नवीन सोचका साथ धैर्यपूर्वक निरन्तर मिहिनेत गर्नुपर्छ ।

**साभार : कान्तिपुर ।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday